जि.प्र.का. सप्तरी द.नं. ११/०४८/०४९

# राजविराज दैनिक

स.जि.हु.का.द.नं. ५/०६४/०६५

वर्ष ३३ अंक २४७ २०८१ साल बैशाख २५ गते मंगलबार (7 May 2024 Tuesday) मूल्य रु. ५/-

सामाजिक संजालको प्रयोग गर्दा सावधानी अपनाऔं, सामाजिक मर्यादाको ख्याल गरौं ।

**Log in :** *rajbirajdainik.com.np*

*यस अंक भित्र :* २ पृष्ठमा : महिलाहरु तरकारी खेतीतर्फ... ३ पृष्ठमा : महिला जनप्रतिनिधि भन्छन् ... ३ पृष्ठमा :मङ्गोलियाको जङ्गल र...

## मामाघर विवाहमा आएकी दिदीबहिनी चार दिनदेखी वेपत्ता

**दैनिक समाचारदाता**
**राजविराज, २४ बैशाख ।**

मामा घर राजविराज आएकी दिदीबहिनी चार दिनदेखी वेपत्ता भएकी छिन् । मामाको छोरीको विवाहमा भारतबाट सरिक हुन राजविराज आएकी भारत विहार राज्यको दरभंगा जिल्ला जाले ग्राम पंचायत वस्ने जय किशोर यादवकी १८ वर्षिया छोरी रिंकी र १९ वर्षिया पिंकी बैशाख २१ देखी राजविराजबाट वेपत्ता भएकी हुन् ।



राजविराज ७ खरसाल टोल वस्ने मामा अशोक यादवको छोरीको वैशाख ७ गते तय भएको विवाहमा सरिक हुन वुवा जयकिशोर र आमा देवकी देवी सहित दिदी/बहिनी रिंकी र पिंकी बैशाख ६ गते नै राजविराज पुगेकी थिइन ।

विहे सम्पन्न भएपनि आफ्नो घर मै वसेका भान्जी रिंकी र पिंकी २१ वैशाख शुक्रवार दिउसो १ बजे देखी सम्पर्क विहीन भएको मामा अशोकले बताए ।

चार दिनदेखी भान्जीहरुको खोजी गर्दा पनि कतै फेला नपरेको उनले सुनाए । कतै कुनै सुराक नपाइए पछि भान्जीको अवस्था पत्ता लगाइदिन अधिल्लो दिन आइतवार साँझ जिल्ला प्रहरी कार्यालयमा सो बारे सम्पुर्ण जानकारी गराइएको उनले सुनाए ।

छोरी खोज्दै सोमवार भारतको दरभंगा पुगेका बुवा जयकिशोरले आफन्त र चिनजानका सबैमा जानकारी गराइए पनि हाल सम्म फेला पर्न नसकेको फोन सम्पर्कमा बताएका छन् ।

आमा देवकीले छोरी रिंकी र पिंकी आफुलाई केही नभनी शुक्रवार दिउँसो १ बजेतीर घरबाट निस्केको र त्यस पछि अबेर राती सम्म पनि न फर्के पछि खोज तलास सूरु गरिएको बताईन ।

जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रवक्ता डिएसपी ढुंण्डिराज नेउपानेले सम्पर्क विहीन भएकी दिदी/बहिनी रिंकी र पिंकीबारे आफन्तले आईतवार साँझ मात्र जानकारी गराएको बताए ।

यद्धपी सो बारे जानकारी आउना साथ सम्पर्क विहीन भएकी दिदी/बहिनीको पत्ता लगाउन उनीहरुको हुलीया सहितको सम्पुर्ण विवरण सबै प्रहरी कार्यालयमा पठाइएको उनले बताए ।

उनले सिमावर्ती भारतीय क्षेत्रका प्रहरी अधिकारीलाई समेत जानकारी गराई उनीहरुको खोजी कार्या भईरहेको जनाए ।

## जनकपुरधाममा सहकारीको ८० लाख लुटियो

**दैनिक समाचारदाता**
**जनकपुर, २४ वैशाख ।**

धनुषाको जनकपुरधामस्थित एक सहकारी संस्थाका कर्मचारीबाट ८० लाख लुटिएको छ ।

सोमबार दिउँसो शुभश्री बचत तथा ऋण सहकारी संस्था मैनाथपुरमा कार्यरत वीरेन्द्रकुमार महतोलाई पेस्तोल देखाएर तीन जनाले ८० लाख लुटेका जिल्ला प्रहरी कार्यालय धनुषाका प्रहरी नायब उपरीक्षक रञ्जन आबाले जानकारी दिएका छन् ।

जनकपुरधामको भानुचोकमा रहेको राष्ट्रिय सहकारी बैंकबाट रकम झिकेर सहकारीतर्फ जाँदैगर्दा जनकपुरधाम उपमहानगरपालिका १९ मा महतोका साथमा रहेको सो रकम लुटिएको र जानकारी प्राप्त भएलगत्तै प्रहरी घटनास्थल पुगेर लुटेराको खोजी भइरहेको उनले बताए ।




जल तथा मौसम विज्ञान विभागले तापक्रम बढेसँगै तराईका जिल्लाहरूमा तातोहावा लु चल्न सक्ने सम्भावना रहेको र यसले स्वास्थ्यमा असर पार्न सक्ने भएकाले सचेत रही सुरक्षाका उपायहरू अपनाउन अनुरोध गर्दछौं ।

तातोहावा लु बारे बुझौं र बच्न सुरक्षाका उपायहरू अपनाऔं ।

तातो हावा तथा लु लाग्दाका असरहरू

- हृदयको गति तीव्र हुने
- श्वासप्रश्वास र रक्तचाप कम हुने
- शरीरबाट पसिना ननिस्किने
- टाउको अत्यधिक दुख्ने
- चक्कर लाग्ने, अचेत हुने
- शरीरको तापक्रम १०४ डिग्री फरेनहाइट भन्दा बढी हुने
- छाला सुक्खा, रातो र तातो हुने

गर्मीमा स्वास्थ्यको विशेष हेरचाह गरौं। उल्लेखित असरहरू देखिएमा बिरामीलाई तुरुन्त नजिकैको अस्पताल लैजाऔं।

अनुरोधकर्ता
कंचनरुप नगर कार्यपालिकाको कार्यालय, सप्तरी


## अग्निपीडित परिवारलाई भडावर्तन, ग्यास चुल्हा र बाकस प्रदान





**दैनिक समाचारदाता**
**राजविराज, २४ बैशाख ।**

सप्तरीको महादेवा गाउँपालिका १ चिम्टी अग्निपीडितका लागि विभिन्न संघसंस्थाले खाना पकाउने भाडावर्तन, ग्यास चुल्हा, बक्सा लागतयका सामाग्रिहरु प्रदान गरेको छ ।

ती राहतका सामाग्रिहरु ५२ नं बलिया क्याम्प कतारको सहयोगमा प्रदान गरिएको हो । समाजसेवी रामउद्धगार यादव, ई. संजिव नारायण यादव, रिना झा, ई. शैलेन्द्र यादव, ई.रामजी यादव, ई नन्दकिशोर यादव, महिला अभियानी अनिता यादव, महिला अभियानी सविता यादव, ई.ओम प्रकाश यादव लगायतले सप्तरी युथ नेपालको उपस्थितीमा प्रदान गरेको हो ।

अग्निपीडितका लागि ६७ थान प्रेसर कुकर, ६७ थान कराही, ६७ थान प्लेट, ६७ थान पन्यू बितरण गरिएको सप्तरी युथ नेपालका बिपद् ब्यवस्थापन समितिका संयोजक सत्येन्द्र यादवले जानकारी दिए ।

घटनास्थलमै स्थलमै पुगेर लहान उद्योग बाणिज्य संघले ४५ परिवारलाई चुल्हा र ग्यास

*बाँकी तीन पृष्ठमा*


मुखको स्वास्थ्यमा ध्यान दिऔं

दाँत तथा मुखको रोगले मानव स्वास्थ्यमा गम्भीर असर पार्ने हुंदाः

- चिनीयुक्त वा दाँतमा टाँस्सिने खालका खानेकुरा कम खाऔं,
- रेसादार खाना, फलफूल र हरियो सागसब्जी सेवन गरौं,
- फ्लोराईडयुक्त टुथपेष्टले दुई मिनेटसम्म दिनको दुई पटक ब्रस गरौं,
- खाना खाईसकेपछि राम्रोसँग ब्रस वा कुल्ला गर्ने गरौं,
- डेन्टल फ्लसको मद्दतले दाँतमा अड्किएको खाना निकालौं,
- सुर्तिजन्य पदार्थ तथा मद्यपान सेवन नगरौं,

नियमित रुपमा मुख तथा गिजाको जाँच गराऔं, गम्भीर रोगबाट बचौं र बचाऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड

## सम्पादकीय

### सहयोगी भवनाका साथ मानसिकतामा पनि परिवर्तन आवश्यक

स्वास्थ्य नै धन हो । सरकारले स्वास्थ्य र शिक्षा क्षेत्रलाई पहिलो प्राथमिकतामा राखेको छ । तर, अहिले स्वास्थ्य क्षेत्रमा चरम लापरवाही देखिएको छ । सप्तरीको विभिन्न स्थानमा संचालित स्वास्थ्य चौकीहरुको अवस्था दयनिय बन्दै गएको छ । स्थानीय पालिकाको मातहतमा रहेको यस क्षेत्रको अवस्था दयनिय बन्दै गएको छ । त्यस्तै विभिन्न सरकारी तथा निजि अस्पतालको अवस्था पनि खासै सुधारोन्मुख छैन् । दक्ष जनशक्ति तथा उपकरणको अभावमा यो क्षेत्रको अवस्था दयनिय बन्दै गएको हो । जिल्लाको एक मात्र सरकारी अस्पताल गजेन्द्र नारायण सिंहमा दक्ष चिकित्सकको अभाव अहिले पनि यथावतै छ । विभिन्न आधुनिक उपकरणका बाबजुद यहाँ भरपर्दो सेवाको अभाव छ । उपकरण त छ तर, जनशक्ति छैन् । यस्तै ग्रमिण भेगमा संचालनमा रहेका स्वास्थ्य चौकीहरुको पनि अवस्था पनि त्यस्तै छ ।

यस जिल्लामा विभिन्न जटिल रोगहरुको उपचार सम्भव छैन् । उपकरणहरु छन् तर, दक्ष जनशक्तिको अभावमा सेवा प्रभावित भइरहेको छ । अस्पतालहरुले पनि गुणस्तरीय सेवा दिन तत्परता देखाएपनि अधिकत्तम उपलब्धी हासिल गरेको अवस्था छैन् । अहिले पनि धरान, विराटनगर, काठमाडौंदेखि भारतका विभिन्न अस्पतालसम्म बिरामीहरु पुग्ने गरेका छन् । यही कारणले यहाँको स्वास्थ्य क्षेत्र कमजोर भइरहेको छ । यसप्रति जिम्मेवार निकायको उदासिनता कायमै रहेको छ ।जिल्लाको स्वास्थ्य सेवाको अवस्थामा गुणात्मक रुपमा कमजोर रहेपनि यसमा सुधारको अवस्था प्रसस्त रहेको छ । यद्पी यसप्रति सेवाको भवना उजागर हुनु आवश्यक छ ।

अस्पतालदेखी स्वास्थ्य चौकीसम्मको अवस्था सुधारका लागि दक्ष चिकित्सक, दुरुस्त प्रशासन र कर्मचारीका साथै निगरानी गर्ने निकायको सेवा भवना पनि उत्तिकै आवश्यक छ । तसर्थ जिल्लाको स्वास्थ्य क्षेत्रको विकासका लागि स्थानीय निकाय, प्रदेश सरकार र संघीय सरकारको समन्वयकारी भूमिका आवश्यक छ । दक्ष चिकित्सक परिचालन गर्नुका साथै स्थानीयवासीले समेत ती सबै निकायलाई सहयोगी भवनाका साथ मानसिकतामा पनि परिवर्तन गर्नु उत्तिकै जरुरी रहेको देखिन्छ । अनिमात्र यहाँको स्वास्थ्य क्षेत्रले फड्को मार्ने निश्चित छ ।

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ

डा. सन्तोष प्रसाद शाह
Dr. Santosh Prasad Sah
MBBS (T.U.), MD Internal Medicine (NAMS, Bir Hospital Kathmandu)
NMC Reg. No. : 15019
कन्सलटेन्ट फिजिसियन

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

# महिलाहरु तरकारी खेतीतर्फ आकर्षित



**अरुण कुमार यादव**
**राजविराज, २४ वैशाख ।**

सप्तरीको सुरुङ्गा नगरपालिकाका महिलाहरु तरकारी खेतीतर्फ आकर्षित हुँदै गएका छन् । सो नगरपालिका ९ का दलित महिलाहरु समुह बनाएर तरकारी खेती सुरु गरेका छन ।

महिलाहरुको सक्रियतामा दिनाभद्री कृषक समुह बनाएर महिलाहरु तरकारी खेतीमा लागेका हुन् । १५ जना महिलाहरु मात्र रहेका सदस्यहरुले तरकारी खेती गरेर आयआर्जन गर्नेतर्फ आकर्षित भएका हुन । चघरु सेभ द चिल्ड्रेनको सहयोगमा सबल नेपाल संस्थाले वीउविजन, खाद्य, मल सहयोग गरेपछि खेतीतर्फ रुचि जागेको कृषक समुहकी अध्यक्ष कविता कुमारी सदाले बताइन् । उनले बेरोजगार बनेर घरमै बस्नुभन्दा तरकारी उब्जाएर पैसा कमाउनु नै इमान्दारीता रहेको उल्लेख गरिन् ।

यस्तो अवस्थामा सबल नेपाल संस्थाले तरकारी खेती कसरी गर्ने, यसबाट हुने आम्दानीको बिषयमा तालिम दिएका कारण तरकारी खेती गर्न लागेको समूहका अध्यक्ष सदाले भने ।

करिब १४ कठ्ठा जग्गामा दलित महिलाहरु मिलेर तरकारी खेतीमा लागेका उनीहरु बिहान आफ्नो घरको काम सकाएर बाँकी समय तरकारी खेतीमै बिताउने गरेको सबल नेपालका कृषि अधिकृत आशिष चौधरीले जानकारी दिए ।

दिनाभद्री कृषक समुहका सदस्य ललिता सदाले तरकारी खेतीबाट आम्दानी गरेर आफ्नो घर ब्यवहार चलाएर छोराछोरीको पढाई खर्च समेत निकाल्ने गरेको बताइन् । सिँचाईको अभाव रहेको बेला सबल नेपालले कृषि मिटर सहयोग गरेका कारण पानीको अभाव नहुदा अहिले तरकारी खेती गर्न चर्को घाममा पनि कुनै फरक नपरेको उनको भनाई छ । उनीहरुले लौका, फर्सि, खुर्सानी, भन्टा, खिरा, प्याज लगायतका तरकारी खेती गरेका छन् ।

यस्तै चन्द्रमुखी कृषक समूह मिलेर यहाँ बिभिन्न प्रकारका तरकारी खेती गर्ने गरेका छन् । व्यक्तिगत जग्गामा अहिले उनीहरु साग, प्याज, बोरी, खुर्सानी, मुला, खिरा, फर्सी लगायत विभिन्न समयमा लाग्ने तरकारी खेती गरेर राम्रो आम्दानी गर्ने गरेका छन ।

समूहका सदस्य राजकुमार महतोले ४ वटा छोरा/छोरीले उच्चशिक्षा सम्म पढाउन निधोकका साथ तरकारी खेतीमा जुटेका छन । मलेशियाबाट फर्किएपछि उनँले पाँच कठ्ठा जग्गामा तरकारी खेती गरेर अहिले बर्षिक ५ लाख भन्दा बढी आम्दानी गर्ने गरेको सुनाए ।

उनी बिदेशबाट फर्किएपछि तरकारी खेती गर्न मन बनाएपछि सबल नेपालले बिउ, कृषि पम्प, बिषादी छर्ने औषधीहरु सहयोग गरेको थियो ।

यस्तै धिरेन्द्र यादवले पनि आफ्नो बुबाले गरेको तरकारी खेतीमा सघाउने गर्छन । कक्षा १२ मा अध्ययनरत उनी छुटिको समयमा तरकारी खेतीमा रमाउने गर्छन् । नन्धारी बुलेट खुर्सानी, सेमनीत माली काक्रो, बोरी, करेला, लौका, गोलभेडा, आलु, राई र पालक साग लगाएका तरकारी खेतमा लगाएका छन । चन्द्रमुखी कृषक समूहका अध्यक्ष जीवन प्रसाद यादवले १० बिगाहमा सामुहिक रुपमा तरकारी खेती गरेका छन ।

यस क्षेत्रमा घोरगधा र बादरको आंतक रहे पनि तरकारी खेतिबाट लाखौको आम्दानी गर्न किसानहरु पछि हटेका छैनन् । सबल नेपालबाट हाले सोलार पम्प सहयोग गरेपछि तरकारी खेतीमा थप उर्जा थपिएको सदस्य रामवती महतो बताउछन् । समुहिक तरकारी खेतीका फाइदा बेग्लै भएकोले यसले घरपरिवार आफ्नो जिविकोपार्जन गर्न सजिलो भएको उनको भनाई छ ।

त्यस्तै जिल्लाको खडक नगरपालिका ४ अमहाका कृषक समुहले तरकारी खेतीवाट बार्षिक लाखौ आम्दानी गर्दै आएका छन् । नगरपालिकाको अमाहा टोलका रामजानकी कृषक समुहका १८ सदस्यहरुले तरकारी खेतीले बार्षिक ५० हजार देखि २ लाख सम्म आम्दानी गर्ने समूह सदस्य सुनिता बस्नेतको भनाई छ ।

बस्तीका लगभग २ सय जना परिवारको दिनचर्या परिवर्तनमा सो समूहका सदस्यहरूले गरेको बचतबाट घरपरिवार र बालबालिकाहरूको पठनपाठनमा लगानी लगाउने गरेको समुहकी अर्की सदस्य मानकी रामले बताइन् ।

सबल नेपालद्वारा संचालित समुन्नति कार्यक्रम अन्तर्गत उक्त समुहलाई संयुक्त रूपमा लिजमा खेत उपलब्ध गराइदिएपछि उनीहरूको जीवनमा परिवर्तन हुँदै गएको छ ।


## हावाहुरीको मौसममा आगलागीबाट जोगिन सर्वसाधारणलाई स्थानीय विपद जोखिम न्यूनिकरण समितिको अपिल

- विहान ९ बजेसम्म खाना पकाई चुल्होमा रहेको आगो राम्ररी निभाऔं ।
- खाना पकाउँदा खर पत्करको प्रयोग भएमा आगलागी हुन सक्छ की भनेर पूरै सावधानी अपनाउने गरौं र चुल्हो नजिक एक जना अनिवार्य बस्ने बानी बसालौं ।
- दिउँसोको समयमा हावाहुरी चल्ने हुँदा विहान ९ बजेपछि चुल्हो बाल्नुपर्ने कुनै काम नगरौं ।
- घर नजिक थ्रेसर सञ्चालन नगरी घरदेखि टाढा चौर वा खेतमा सञ्चालन गर्ने गरौं ।
- सलाई, लाइटर, मट्टितेल लगायतका अन्य पेट्रोलियम पदार्थ बालबालिकाको पहुँचभन्दा टाढा राख्ने बानी बसालौं ।
- घरमा एक बाल्टीन वा अन्य भाडोमा पानी २४सै घण्टा राख्ने बानी बसालौं ।
- गुहालीमा घुर बाल्दा सावधानी अपनाउने गरौं ।
- घरको कुनै सजिलो ठाउँमा २/४ बोरा बालुवा राख्ने गरौं जसले गर्दा कहिँ आगलागी भयो भने निभाउन सहयोग हुन्छ ।
- घर तथा गुहालीमा लगाइएको टाटी राम्रोसँग माटोले दुवैतर्फ लिपपोत गर्ने गरौं ।
- आगोबाट हुने जोखिम तथा धनजनको क्षति बारेमा परिवारका सदस्यहरुलाई जानकारी गराई सजग र सतर्कता अपनाउने बानी बसालौं ।
- गाउँमा बारुणयन्त्र आउने जाने बाटो खुल्ला राखौं र बारुणयन्त्रलाई पोखरीबाट पानी भर्न र आगलागी नियन्त्रण गर्ने कार्यमा सहयोग गरौं ।
- गाउँका पोखरीहरुमा पानी सञ्चित राख्ने बानी बसालौं ।
- गाउँमा कसैले आगो जथाभावी राखेको छ भने गाउँ घरमा त्यसरी आगो खुल्ला राख्नु हुँदैन भनेर सचेत गराउने गरौं ।
- कहीं कतै आगलागी भएमा नजिकको प्रहरी चौकी वा जिल्ला प्रहरी कार्यालयको कन्ट्रोलको नम्बर ९८५२८९०२७० वा १०० नम्बरमा जानकारी गराऔं ।
- कसैको ज्यान वा सम्पत्तिमाथि आगजनी गर्ने अपराध भएकोले यस्तो कार्यमा सहभागी नहोऔं ।
- आगजनी घटनालाई न्यूनिकरणको लागि प्रहरीसँग सहकार्य गरौं र जनधनको क्षति हुनबाट बचौं र बचाऔं ।
- आगलागी प्रकोप उद्धारको सामग्रीहरु जस्तै बाल्टिन, जग, बेल्चा, गैती, डोरी, स्ट्रेचर, प्राथमिक उपचारको सामग्रीहरु, आगलागी उद्धारको लागि लगाउने कपडा भएसम्म ब्यवस्था गरी राखौं ।

अनुरोधकर्ता
अग्निसाइर कृष्णासवरण गाउँपालिका, सप्तरी

# महिला जनप्रतिनिधि भन्छन्–हामीले बजेट चलाउन कहिले पाउने ?

जनकपुर, २४ वैशाख (रासस)।

मधेश प्रदेशका स्थानीय तहमा निर्वाचित महिला जनप्रतिनिधिले आफूहरूले बजेट निर्माण प्रक्रिया र योजनाबारे बुझ्न नपाएको गुनासो गरेका छन्।

आइतबार मान्डवी नामक गैरसरकारी संस्थाले रौतहटको चपुरमा अयोजना गरेको महिला जनप्रतिनिधि र पत्रकारहरूबीचको अन्तरक्रियामा महिला जनप्रतिनिधिले यस्तो गुनासो गरेका हुन्।

कार्यक्रममा जनकपुरधाम उपमहानगरपालिका-१६ की दलित महिला सदस्य शान्तिदेवी दासले आफूले बजेटबारे बुझ्ने अधिकार अझै नपाएको गुनासो गर्नुभयो। उहाँले भन्नुभयो,“हामी निर्वाचित भएको दुई वर्षभन्दा बढी भयो तर अहिलेसम्म बजेट बनाउने र कार्यान्वयन गर्ने विषयमा कुनै जानकारी छैन। जानकारी दिन आवश्यक पनि ठान्दैनन्।”

मिथिला नगरपालिका-११ कि सदस्य बिन्दु भित्रिकोटीले पनि महिलाले थाहा पाएमा विरोध गर्लान् भन्ने सोचले आफूहरूलाई आर्थिक अधिकारका विषयमा जानकारी दिनै नचाहेको गुनासो गर्नुभयो। “संविधानले व्यवस्था गरेपछि बाध्य भएर हामीलाई नेतृत्व दिएका छन् तर अझैसम्म स्वीकारेका छैनन्। महिला सशक्त भएको देख्न नचाहने प्रवृत्तिका कारण समस्या भइरहेको छ”, उहाँले भन्नुभयो।

कार्यक्रममा सहभागी महोत्तरी, पर्सा, सिरहा र सप्तरीलगायत जिल्लाका अधिकांश महिला वडा सदस्यले आफूहरुलाई बहुमत पुऱ्याउन हस्ताक्षरकर्ताका रूपमा मात्र सीमित गर्न खोजिएको आरोप लगाउनुभयो।

कार्यक्रममा पूर्वपरराष्ट्रमन्त्री बिमला राई पौडयालले स्थानीयस्तरमा मात्र नभई राष्ट्रियसभा र प्रतिनिधिसभामा समेत महिला र पुरुष प्रतिनिधिबीच विभेद हुने गरेको बताउनुभयो। यस्ता विषयलाई आमसञ्चार माध्यमले पनि स्थान नदिएको उहाँको भनाइ थियो। “महिला र पुरुष सांसदले उठान गर्ने विषय र मुद्दामा नै धेरै भिन्नता छ। एउटा संसदमा पुरुष र महिला सांसदले बोलेका कुरामा पनि सञ्चारमाध्यमले पुरुषका भनाइ र उठान गरेका मुद्दालाई प्राथमिकता दिने गरेको मैले पनि महसुस गरेकी छु”, पौड्यालले भन्नुभयो।

## अग्निपीडित ...

सिलिन्डर प्रदान गरेको छ।

यस्तै यादव युवा संघले समेत राहत स्वरुप ठूलो बाकस वितरण गरेको छ। ६६ अग्निपीडित परिवारलाई समान राख्ने ठूलो बाकस सहयोग गरिएको छ।

त्यस्तै समाजसेवी एवं बौद्धिक वर्गका व्यक्तित्व डा. मुरली प्रसाद सिंहले अग्निपीडितहरूका लागि तीन छाकको खानामा लाग्ने सम्पूर्ण सामग्री दिएका छन्।

यता सप्तरी युथ नेपाल र नुर वेलफेयर सोसाइटी सप्तरीको संयुक्त आयोजना तथा स्वतन्त्र विद्यार्थी युनियन मविव क्याम्पस राजविराज, मिसन कलेज र पदमा एण्ड टुरिजम बथनाहाको सहकार्यमा उक्त खाना खुवाउने व्यवस्था जारि नै छ।

# विदेशमा रहेका नेपालीले मतदान गर्न पाउने व्यवस्था मिलाउन आग्रह

काठमाडौँ, २४ वैशाख (रासस)।

जनमत पार्टीले विदेशमा रहेका नेपालीले आम निर्वाचनमा मतदान गर्न पाउने व्यवस्था मिलाउन माग गरेको छ।

सोमबार परराष्ट्रमन्त्री नारायणकाजी श्रेष्ठलाई पार्टीका अध्यक्ष डा सीके राउतले ज्ञापनपत्र बुझाउँदै प्रवासी नेपालीहरुलाई मतदान गर्न पाउने व्यवस्थाको तयारी तत्कालै सुरु गर्न आग्रह गर्नुभएको हो।

प्रवासी नेपालीहरूले विदेशबाटै मतदान गर्न पाउने व्यवस्थाको विषयमा गम्भीर भई अहिलेदेखि नै सोको तयारी गर्न गराउन पार्टीले आग्रह गरेको हो। ज्ञापनपत्रमा बुझाउँदै विभिन्न देशमा रहेका नेपालीहरूले राहदानी नवीकरण गर्न महिनौँसम्म कुर्नुपर्ने बाध्यता हटाउन आग्रहसमेत गरिएको छ।

कर्मचारी थप्ने, राहदानी नवीकरण केन्द्र तथा शिविर तथा अनलाइन सेवा सञ्चालनसहितका उपाय अपनाएर राहदानी नवीकरणलाई छिटोछरितो बनाउन पनि ज्ञापनपत्रमा माग गरिएको छ।

पार्टी सचिव बिपी साहले जनमत पार्टी सम्बद्ध प्रवासी जनमत सङ्घ र गैरआवासीय मधेसी सङ्घलाई पहिचान गर्न मातहतका दूतावास तथा नियोगलाई सर्कुलर जारी गर्न र सर्वपक्षीय बैठकमा सहभागी गराउन आग्रह गरिएको बताउनुभयो।

# जनता समाजवादी पार्टी निर्वाचन आयोगमा दर्ता

काठमाडौँ, २४ वैशाख (रासस)।

निर्वाचन आयोगले नयाँ राजनीतिक दलका रुपमा जनता समाजवादी पार्टी दर्ता गर्ने निर्णय गरेको छ। आयोगको सोमबार बसेको बैठकले उक्त दल दर्ता सम्बन्धी निर्णय गरेको सहायक प्रवक्ता रामदत्त पाण्डेयले जानकारी दिनुभयो।

आइतबार जनता समाजवादी पार्टी, (जसपा) नेपालका सात जना सङ्घीय सांसदले नयाँ दल दर्ताको निवेदन आयोगमा दर्ता गरेका थिए। “नेपालको संविधान २०७२, राजनीतिक दलसम्बन्धी ऐन २०७३, राजनीतिक दलसम्बन्धी नियमावली २०७४, तथा प्रचलित सङ्घीय कानुन बमोजिमा प्रावधान पालना गर्ने शर्तमा राजनीतिक दलसम्बन्धी ऐन २०७३ को दफा ३३ र राजनीतिक दलसम्बन्धी नियमावली २०७४ को नियम ५ बमोजिम जनता समाजवादी पार्टी नामक राजनीतिक दल दर्ता गरी आयोगको दल दर्ता किताबमा अभिलेखीकरण गर्ने निर्णय भएको छ”, पाण्डेयले भन्नुभयो। नयाँ दर्ता भएको दलको नाम संक्षिप्तमा जनता समाजवादी र अङ्ग्रेजीमा ‘पिपुल्स सोसलिस्ट पार्टी’ ( पिपुल्स सोसलिस्ट) रहेको छ।

आयोगको सोमबारको बैठकले जनता समाजवादी पार्टीले पेश गरेको विधान अभिलेख गर्ने र उक्त पार्टीलाई दल दर्ताको प्रमाणपत्र दिनेसमेत निर्णय गरेको छ। त्यसैगरी, सङ्घीय संसद् सचिवालय, सबै प्रदेशसभा सचिवालय र सबै प्रदेश तथा जिल्ला निर्वाचन कार्यालयलाई दल दर्ताको जानकारी दिने निर्णय आयोगले गरेको पाण्डेयले जानकारी दिनुभयो।

अशोक राईको नेतृत्वमा जसपा नेपालका सात जना सांसदले नयाँ दल दर्ताका लागि हिजो आइतबार निर्वाचन आयोगमा निवेदन दिएको थियो। राईसँगै सङ्घीय सांसदहरु वीरेन्द्र महतो, प्रदीव यादव, सुशीला श्रेष्ठ, हसिना खातुन, रञ्जु ठाकुर र नवलकिशोर साह सुडी नयाँ दर्ता भएको दलमा हुनुहुन्छ।


# हावाहुरीको मौसममा आगलागीबाट जोगिन सर्वसाधारणलाई स्थानीय विपद जोखिम न्यूनिकरण समितिको अपिल

- विहान ९ बजेसम्म खाना पकाई चुल्होमा रहेको आगो राम्ररी निभाऔं।
- खाना पकाउँदा खर पत्करको प्रयोग भएमा आगलागी हुन सक्छ की भनेर पूरै सावधानी अपनाउने गरौं र चुल्हो नजिक एक जना अनिवार्य बस्ने बानी बसालौं।
- दिउँसोको समयमा हावाहुरी चल्ने हुँदा विहान ९ बजेपछि चुल्हो बाल्नुपर्ने कुनै काम नगरौं।
- घर नजिक थ्रेसर सञ्चालन नगरी घरदेखि टाढा चौर वा खेतमा सञ्चालन गर्ने गरौं।
- सलाई, लाइटर, मट्टितेल लगायतका अन्य पेट्रोलियम पदार्थ बालबालिकाको पहुँचभन्दा टाढा राख्ने बानी बसालौं।
- घरमा एक बाल्टीन वा अन्य भाडोमा पानी २४सै घण्टा राख्ने बानी बसालौं।
- गुहालीमा घुर बाल्दा सावधानी अपनाउने गरौं।
- घरको कुनै सजिलो ठाउँमा २/४ बोरा बालुवा राख्ने गरौं जसले गर्दा कहिँ आगलागी भयो भने निभाउन सहयोग हुन्छ।
- घर तथा गुहालीमा लगाइएको टाटी राम्रोसँग माटोले दुवैतर्फ लिपपोत गर्ने गरौं।
- आगोबाट हुने जोखिम तथा धनजनको क्षति बारेमा परिवारका सदस्यहरुलाई जानकारी गराई सजग र सतर्कता अपनाउने बानी बसालौं।
- गाउँमा बारुणयन्त्र आउने जाने बाटो खुल्ला राखौं र बारुणयन्त्रलाई पोखरीबाट पानी भर्न र आगलागी नियन्त्रण गर्ने कार्यमा सहयोग गरौं।
- गाउँका पोखरीहरुमा पानी सञ्चित राख्ने बानी बसालौं।
- गाउँमा कसैले आगो जथाभावी राखेको छ भने गाउँ घरमा त्यसरी आगो खुल्ला राख्नु हुँदैन भनेर सचेत गराउने गरौं।
- कहीं कतै आगलागी भएमा नजिकको प्रहरी चौकी वा जिल्ला प्रहरी कार्यालयको कन्ट्रोलको नम्बर ९८५२८९०२७० वा १०० नम्बरमा जानकारी गराऔं।
- कसैको ज्यान वा सम्पत्तिमाथि आगजनी गर्ने अपराध भएकोले यस्तो कार्यमा सहभागी नहोऔं।
- आगजनी घटनालाई न्यूनिकरणको लागि प्रहरीसँग सहकार्य गरौं र जनधनको क्षति हुनबाट बचौं र बचाऔं।
- आगलागी प्रकोप उद्धारको सामग्रीहरु जस्तै बाल्टिन, जग, बेल्चा, गैंती, डोरी, स्ट्रेचर, प्राथमिक उपचारको सामग्रीहरु, आगलागी उद्धारको लागि लगाउने कपडा भएसम्म व्यवस्था गरी राखौं।

**अनुरोधकर्ता**
**महादेवा गाउँपालिका, सप्तरी**


# विश्व समाचार

## मङ्गोलियाको जङ्गल र घाँसे मैदानमा आगलागी बढ्यो

उलानबटोर, २४ वैशाख (रासस/सिन्ह्वा)।

मङ्गोलियामा यस वर्ष सन् २०२४ को सुरुदेखि ५२ वटा जङ्गल आगलागीका घटना भएको सोमबार सार्वजनिक एक सरकारी प्रतिवेदनले जनाएको छ। आगलागीको यो घटना गत वर्ष सन् २०२३ को सोही अवधिको तुलनामा ३.८ प्रतिशतले बढी हो। राष्ट्रिय आपतकालीन व्यवस्थापन निकायका अनुसार, कम्तीमा पाँच लाख ४९ हजार १३ हेक्टर जङ्गल र घाँसे मैदान जङ्गली डढेलोबाट जलेको छ। मानवीय लापरवाही नै डढेलोको मुख्य कारण रहेको प्रतिवेदनमा उल्लेख छ। देशका अधिकांश क्षेत्रमा सुख्खा मौसमका कारण जङ्गल र मैदानमा आगलागीको उच्च जोखिम रहेको भन्दै सर्वसाधारणलाई खुला ठाउँमा आगो नबाल्न वा भूइँमा चुरोटका ठुटा नफाल्न चेतावनी दिएको छ। मङ्गोलियामा कठोर जलवायु विविधता रहेको छ र यहाँ सामान्यतया वसन्त ऋतुको समयमा सुख्खा र हावाहुरी चल्छ।

## भारी वर्षाका कारण भारतको मणिपुरमा विद्यालय बन्द

नयाँ दिल्ली, २४ वैशाख (रासस/सिन्ह्वा)।

भारतको उत्तरपूर्वी राज्य मणिपुरमा भारी वर्षा र चट्याङसहितको खराब मौसमका कारण विद्यालय र कलेजसहित सबै शैक्षिक संस्था मङ्गलबारसम्म बन्द रहने राज्यका मुख्यमन्त्री एन. बिरेनले बताउनुभएको छ। राज्यमा विगत दुई दिनदेखि विशेषगरी आइतबारदेखि परेको अविरल वर्षाले स्थानीयवासीको जनजीवन प्रभावित भएको छ। इम्फाल पश्चिम क्षेत्रको कान्चिपुर र तेरालगायत राज्यका विभिन्न भागमा असिनाले जस्ताको छानामा प्वाल परेकोले धेरै घर र सवारी साधनमा क्षति पुगेको द हिन्दू अखबारले रिपोर्ट गरेको छ। इम्फाल पश्चिम जिल्ला उत्तरपूर्वी भारतको मणिपुर राज्यको १६ जिल्ला मध्ये एक हो। यो राज्यको सबैभन्दा जनसङ्ख्या भएको जिल्लासमेत हो। राज्यमा विद्यमान मौसमी अवस्थाका कारण सोमबार र मंगलबार सबै स्कूल र कलेजहरू बन्द रहनेछन्। वर्तमान मौसम अवस्थाले निम्त्याउने जोखिमविरुद्ध सावधानीका रूपमा यो निर्णय लिइएको मुख्यमन्त्रीले सामाजिक सञ्जालमार्फत जानकारी दिनुभयो। उहाँले सबैलाई अपडेट रहन र घरभित्र सुरक्षित रहन आग्रह गर्दै राज्य सरकारले जीवन र सम्पत्तिको रक्षा गर्न र प्रभावितलाई सहयोग गर्न सबै आवश्यक उपायहरू गरिरहेको बताउनुभयो। यसैबीच भारतका केही भूभाग विशेषगरी पूर्वी, दक्षिणी र मध्य क्षेत्रमा तापक्रम ४५ डिग्री सेल्सियससम्म पुगेको छ।

## अफगानिस्तानमा वर्षा र बाढीले १४ जनाको ज्यान लियो

काबुल, २४ वैशाख (रासस/एएनआई)।

अफगानिस्तानमा भारी वर्षापछिको बाढीले कम्तिमा १४ जनाको ज्यान लिनुका साथै व्यापक विनाश भएको विपद् व्यवस्थापन मामिला राज्य मन्त्रालयलाई उद्धृत गर्दै टोलो न्युजले जनाएको छ। मन्त्रालयका प्रवक्ता जनान साइकका अनुसार १४ प्रान्तमा वर्षाका कारण एक सय ४० आवासीय घरहरू क्षतिग्रस्त भएका छन् भने दुई हजार भन्दा बढी गाईवस्तुको मृत्यु भएको छ। टोलो न्युजका अनुसार विगत तीन दिनमा वर्षाका कारण लगभग १४ जना नागरिकको मृत्यु भएको छ भने एक जना बेपत्ता छन्। बाढीले आवासीय घरहरु पूर्ण वा आंशिक रूपमा क्षतिग्रस्त भएका छन्। यसैबीच, सार्वजनिक निर्माण मन्त्रालयका प्रवक्ता मोहम्मद अशरफ हक्कसेनसले अफगानिस्तानका बदख्सान, तखर, घोर र नुरिस्तान प्रान्तका केही सडकहरू भूस्खलन र बाढीका कारण अस्थायी रूपमा अवरुद्ध भएको बताउनु भएको छ। “बाढी र भूस्खलनका कारण अस्थायी रूपमा बन्द गरिएका तखर, बदख्सान, घोर र नुरिस्तान प्रान्तका धेरैवटा सडकहरु खुलाउने काम भइरहेको छ,” उहाँले बताउनु भयो। निरन्तरको भारी वर्षाको कारण स्थानीयबासीको धेरै नोक्सानी भएको छ। बाढीमा परेर बालबालिकाको मृत्यु भएको, जमिन र पुलहरू नष्ट भएको फराह प्रान्तका एक बासिन्दाले जनाउनुभयो। बाढीबाट भएको जनधनको क्षतिलाई तत्काल सम्बोधन गर्न सरकार समक्ष स्थानीयवासीले आग्रह गरेका छन्।

## इजराइलद्वारा पूर्वी रफाहबाट एक लाख मानिसको सुरक्षितरूपमा स्थानान्तरण

जेरुसेलम, २४ वैशाख (रासस/एएफपी)।

इजराइली सेनाले सोमबार दक्षिणी सहर गाजामा सम्भावित स्थलगत आक्रमण हुनुअघि पूर्वी रफाहबाट करिब एक लाख मानिसलाई सुरक्षितरूपमा स्थानान्तरण गर्न थालिएको बताएको छ। कति मानिसलाई बाहिर निकालिएको छ भनेर सोध्दा एकजना सैन्य प्रवक्ताले पत्रकारहरूलाई भने, “करिब एक लाख मानिस छन्।” विश्व स्वास्थ्य सङ्गठनका अनुसार हाल करिब १२ लाख मानिस रफाहमा शरण लिइरहेका छन्। तीमध्ये अधिकांश इजराइल र हमास प्यालेस्टिनी लडाकूहरूबीच सात महिनाको युद्धका क्रममा गाजाको अन्य ठाउँबाट भागेका थिए।

# बैशाख १९ देखी राजविराजमा राष्ट्रिय महिला कबड्डी प्रतियोगिता हुने




**दैनिक समाचारदाता**
**राजविराज, २४ बैशाख ।**

राष्ट्रिय महिला कबड्डी प्रतियोगिता यही बैशाख २९ गते देखी राजविराजमा आयोजना हुने भएको छ ।

प्रतियोगिताका बारेमा जानकारी दिन आयोजक समिति जिल्ला कबडी संघद्वारा सोमवार आयोजना गरिएको पत्रकार सम्मेलनमा संघका जिल्ला अध्यक्ष चन्द्र शेखर चौधरीले प्रतियोगिता सात प्रदेश र तीन विभागीय टोली (नेपाल आर्मी, नेपाल प्रहरी र एपीएफ) गरी १० टिमको सहभागिता रहने जानकारी दए । प्रतियोगिता जेष्ठ १ गते सम्म चल्ने उनले बताए ।

उनले जिल्ला कबडी संघ सप्तरीको आयोजना, अखिल नेपाल कवडी संघको समवन्य तथा राजविराज नगरपालिका र अग्नीसाईर कृष्णासवरण गाउपालिकासहित विभिन्न पालिकाको सहयोगमा प्रतियोगिता संचालन हुन लागेको बताए ।

प्रतियोगिताका विजेताले १ लाख १ हजार, उपविजेताले ५१ हजार तथा तृतिय र चौथो स्थान प्राप्त गर्ने टोलीले २५/२५ हजार नगद सहित ट्रफी र सम्मान पत्र पाउने छन । यस्तै प्रत्येक खेलका म्यान अफ द म्याचले २ हजार ५ सय तथा ओ म्यान अफ द सिरिजले ११ हजार नगद सहित सम्मान पत्र पाउने पत्रकार सम्मेलनमा अध्यक्ष चौधरीले जानकारी दिए ।

प्रतियोगिताका लागी कुल २६ लाख ७५ हजार ५ सय रुपैया बजेट तय गरिएको पत्रकार सम्मेलनमा अखिल नेपाल कबडी संघका केन्द्रिय महासचिव अरबिन्द झाले जानकारी दिए ।

प्रतियोगितामा प्रत्येक टिमले ३/३ जनाका दरले विदेशी खेलाडी राख्न पाउने प्रावधान राखिएको बताउँदै उनले हालै सम्पन्न १९ औं एशियाली महिला कबडी प्रतियोगितामा सहभागी भई कास्य पदक विजेता नेपाली टिमका खेलाडीहरु पनि विभिन्न टिमबाट सहभागित हुने जानकारी दिए ।

लिगकम नकआउट प्रणालीका आधारमा संचालन हुने प्रतियोगितामा १ सय २० जना खेलाडी, २५ जना प्रशिक्षक र व्यवस्थापक तथा निर्णयक सहित १ सय ६५ जनाको सहभागिता रहने जनाइएको छ । प्रतियोगिताको उदघाटन खेल मधेश प्रदेश र कोशी प्रदेश बीच हुनेछ ।

भर्ना खुल्यो । भर्ना खुल्यो ॥ भर्ना खुल्यो ॥।

Wisdom School
Rajbiraj 2, (Near Rajdevi Mandir)
**Play Group to Class 9**
"गुणस्तरिय शिक्षा हाम्रो प्रतिबद्धता"

हाम्रो विशेषताहरु
- दक्ष तथा अनुभवी शिक्षक शिक्षिकाबाट पठनपाठन गराइन्छ ।
- कम्प्युटर ल्याबको व्यवस्था भएको ।
- विज्ञान प्रयोगशालाको व्यवस्था भएको ।
- CC Camera को निगरानीमा पठनपाठन गराइन्छ ।
- Monthly Test को व्यवस्था भएको ।

सम्पर्क फोन नं. ०३१-५९०१९२
मोवाइल नं. ९८१२०२२१३५ (प्रिन्सिपल)
मो. नं. ९८०४७२६१९२, ९८४२८२३२७१




अनुरोधकर्ता
सुरुङ्गा नगर कार्यपालिकाको कार्यालय, सप्तरी




अनुरोधकर्ता
छिन्नमस्ता गाउँ कार्यपालिकाको कार्यालय, सप्तरी




अनुरोधकर्ता
शम्भुनाथ नगर कार्यपालिकाको कार्यालय, सप्तरी

**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेबसाइट** : *rajbirajdainik.com.np*